नेपाल सरकार

सार्वजनिक खरिद पुनरावलोकन समिति

अध्यक्ष श्री मोहन कृष्ण सापकोटा

सदस्य श्री महेन्द्र बहादुर गुरुङ

सदस्य श्री वासुदेव शर्मा पौडेल

बाट भएको निर्णय

## मुध्दा नं. २१५

## आ.व. २०७९/८० को निर्णय नं. २२

विषयः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम पुनरावलोकन गरी पाऊँ।

जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. ०५ टंगालस्थित बिकोइ-मन्त्रम जे.भी. (BKOI-MANTRAM JV) को तर्फबाट अधिकार प्राप्त ऐ.ऐ. बस्ने वर्ष ३१ को नृपेश कोइराला, फोन नं. ९८०१३२६९७० ईमेलः nripeshkoirala@gmail.com, bbkoibuilders@yahoo.com; info@bkoibuilders.com ...... निवेदक ..... १

विरुध्द

श्री नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबार मार्ग, काठमाण्डौं (Nepal Electricity Authority, Distribution and Consumer Services Directorate, Material Management Division, Durbar Marg, Kathmandu) फोन नं. ९७७ ०१ ४१५३१५२ ईमेलः mmd@nea.org.np; mmddcsd@gmail.com

............................................ विपक्षी............................................ १

ऐ. का निर्देशक ................................................... विपक्षी ........................................... १

### निवेदकको मागदावीः

निवेदक बिकोई-मन्त्रम जे.भी.ले मिति २०८०/१/०३ मा यस समितिमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम पुनरावलोकन गरी पाउँ भनि दर्ता (दर्ता नं. १४३) गरेको निवेदनको दावी निम्न अनुसार रहेको छ ।

१. विपक्षी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबार मार्ग, काठमाण्डौंबाट ठे.नं. ICB/DCSD-079/80-14 Supply and Delivery of LT Aerial Bundled Conductor (ABC), को लागि प्रथम पटक मिति 7th September 2022 मा बोलपत्र आह्वान गर्दा कसैले पनि टेण्डर नराखेको कारण 23rd November 2022 मा पुनः बोलपत्र आह्वान भयो, निवेदक BKOI-MANTRAM JV बाट प्रचलित कानून बमोजिमका आवश्यक सबै qualification Criteria पुग्ने कागजातहरु साथै राखी तोकिएको समय 7 Dec. 2022 (मिति २०७९/८/२१) मा बोलपत्र प्रस्ताव पेश भयो।

२. बोलपत्रको प्राविधिक मूल्याङ्कन हुँदा निवेदक जे.भी. मध्येको पार्टनर Mantram Industries ले पेश गरेको ISO Certificate मा Design of Scope नभएको र निज कम्पनी Aerieal Bundled Conductor को उत्पादक तथा निर्यातकर्ता मात्र रहेको देखिएकोले बोलपत्रदातालाई अयोग्य ठहर्याई बोलपत्र प्रकृया रद्द गरेको निर्णयमा चित्त नबुझी निवेदकबाट सार्वजनिक खरिद पुनरावलोकन समितिमा पुनरावलोकनका लागि निवेदन गर्दा समितिबाट मिति २०७९/११/१६ मा विपक्षी सार्वजनिक निकायबाट खरिद कार्वाही नै रद्द गरी अर्को सूचना प्रकाशित गर्ने मिति २०७९/१०/०५ को निर्णय मिलेको नदेखिँदा सा.ख. ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख)(२) बमोजिम बदर गरी मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन आदेश प्राप्त भएको।

३. सम्मानित समितिबाट आदेश दिइसकेपछि विपक्षी सार्वजनिक निकायले पुनरावलोकन समिति गठन गरी बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्र कागजातको Evaluation and Qaulification Criteria को 2.3.2 मा माग भएको Average annual Turnover नपुगेको, 2.4.1 अनुसार General Experience नपुगेको, 2.4.2 र 2.4.3 अनुरुपको Specific र Technical Experience नपुगेको, Bid Data Sheet को 12.2(h) तथा Bid Document को Section V को Clause 6.1 Type test तथा ITB 18 को कागजात पेश नगरेको कारण देखाई बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुन नसकेकोले बोलपत्र रद्द भएको जवाफ निवेदकलाई मिति २०७९/१२/२३ मा उपलव्ध भएको।

४. विपक्षी सार्वजनिक निकायको Bid Document मा उल्लेखित Clause 2.3.2 मा माग गरिएको वार्षिक Turnover 8.0 mill US $ हुन पर्नेमा 18.61 mill. US $ बराबरको Turnover भएको, ३ वर्षको General Experience एवम् Specific Experience का साथै Clause 2.4.1, 2.4.2 र 2.4.3 का सम्पूर्ण Criteria पूरा हुँदा हुँदै पनि विपक्षी सार्वजनिक निकायबाट मिति २०७९/१२/२२ मा बोलपत्र रद्द गर्न गरेको निर्णय त्रुटिपूर्ण छ।

५. बोलपत्र खोल्दा बोलपत्रको मुचुल्काको Annex 3 को क्र.सं. ११ मा Completeness of Bid, Technical Specification रहेको भनेर उल्लेख गरिएको छ भने बोलपत्रदाताको योग्यताको परीक्षणमा The bidder as mentioned above is found eligible and is included in further evaluation process

भनी प्रष्ट लेखिएको छ। ISO Certificate को Design of Scope को सम्बन्धमा सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णयले स्पष्ट पारिदिएको अवस्था छ। प्राविधिक मूल्याङ्कन गर्दा दुरुस्त देखिएको योग्यता सम्बन्धी बिवरणहरु हाल आएर पुनःमूल्याङ्कनका क्रममा उपयुक्त छैनन् भन्न मिल्दैन। यस्तो कार्य गर्न विपक्षीलाई प्रमाण ऐन, २०३४ का साथै बिवन्धनको सिध्दान्तले पनि अनुमति दिँदैन।

६. सा.ख. ऐन, २०६३ को दफा २३(४) अनुरुप विपक्षी निकायलाई जानकारी उपलव्ध गराई दफा २३(५) बमोजिम जानकारी प्राप्त भएपछि पुनः दफा २३(२) वा अन्य आधारमा बोलपत्र अस्वीकृत गर्न मिल्दैन। खरिदको मान्य सिध्दान्त एवम् बोलपत्र कागजातको प्रतिकुल गई निवेदकले पेश गरेको बोलपत्र अस्वीकृत गर्नेगरी विपक्षी कार्यालयबाट भएको निर्णय एवम् मिति २०७९/१२/२९ को पत्र र सो सम्बध्द काम कारवाहीका साथै Jan 23, 2023 मा प्रकाशित Invitation for Electronic Bids को सूचना बदर गरी सा.ख. ऐन, २०६३ को दफा ५० (५)(ख) (१)(२)(३) बमोजिम निवेदकको बोलपत्रलाई प्रभावग्राही ठहर्याई आर्थिक प्रस्ताव खोली बोलपत्र स्वीकृत गर्नू गराउनू भनी निर्देशनात्मक आदेश जारी गरीपाऊँ।

## सार्वजनिक निकायको प्रतिक्रियाः

यस सार्वजनिक खरिद पुनरावलोकन समितिमा मिति २०८०/१/०३ मा निवेदक श्री बिकोई-मन्त्रम जे.भी. को निवेदन पर्न आएपछि सार्वजनिक निकाय श्री नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहकसेवा निर्देशनालय, दरवारमार्ग काठमाण्डौंलाई खरिद प्रकिया रोक्का राखी प्रतिक्रिया तथा आवश्यक कागजातका लागि लेखिपठाएकोमा तहाँबाट प.सं. ०७९/८० च.नं. ८८५ मिति २०८०/१/०५ गते लिखित प्रतिक्रिया र कागजात प्राप्त हुन आयो, जसको सारसंक्षेप देहाय बमोजिम रहेको छ।

१. बोलपत्र नं. RE-ICB/DCSD-079/80-14: Supply and Delivery of LT Aerial Bundled Conductor (ABC) का सन्दर्भमा सार्वजनिक खरिद पुनरावलोकन समितिको फैसला अनुसार बोलपत्रको पुनरावलोकन गर्न समिति गठन भई सो समितिबाट २०७९/१२/२० मा प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गरेको, मिति २०७९/१२/२२ मा उक्त प्रतिवेदन स्वीकृत भएको, सो समितिबाट निम्न अनुसार सिफारीश भएकोः

    a. बोलपत्रदाता BKOI-Mantram जे.भी.को Lead Partner BKOI Builders को बोलपत्रमा तोके बमोजिमको जे.भी. मध्येको कुनै एक सदस्यको Supply Contract को Average Annual Turnover बमोजिमको योग्यता नपुगेको।

नेपाल सरकार सार्वजनिक खरिद पुनरावलोकन समिति सार्वजनिक खरिद ऐन, २०६३ को ४८ अनुसार गठित

b. Qualification Criteria 2.4.1 General Experience का सम्बन्धमा बोलपत्रदाता BKOI संग सामान आपूर्तिसम्बन्धी ठेक्का अनुभव नरहेको।
c. Section III Evaluation and Qualification Criteria 2.4.2 Specific Experience र Technical Experience मा जे.भी. मध्येको Mantram को End-user Certificate हरु End-User बाट जारी नभएको र BKOI को Specific र Technical Ex[erience नभएको।
d. बोलपत्र कागजातको ITB 18 अनुसार पेश गर्नु पर्ने Documents 'Establishing the conformity of the goods and related services to the bidding document' पूरा गरेको नदेखिएको र Technical Specification एकिन गर्न नसकिएको अवस्थामा निवेदकको बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने नदेखिएको।

२. उल्लेखित सिफारीश अनुसार मिति २०७९/१२/२२ मा निर्णय भएको र सोको जानकारी निवेदकलाई २०७९/१२/२३ मा दिइएको। उक्त निर्णयमा चित्त नबुझी निवेदकबाट पुनरावलोकनका लागि निवेदन प्राप्त भएकोमा सोको जवाफ मिति २०७९/१२/२९ मा दिइएको छ।
३. सम्पूर्ण खरिद कारवाही सा.ख. ऐन, नियमावली तथा ने.वि.प्रा. आ.प्र. विनियमावली तथा SBD को परिधिमा रहेर गरेको हुनाले निवेदकको निवेदन उपर थप कारवाही हुन आवश्यक नभएको हुँदा निवेदन खारेज हुन अनुरोध गर्दछु।

अध्ययन अवलोकनः

***यही विषयको मुद्दा नं. १९९ मा यस पुनरावलोकन समितिको निर्णय आदेश***

मिति 07 Sep 2022 (२०७९/५/२२) मा पहिलो पटक प्रकाशित यसै सूचनाको लागि निज निवेदक बोलपत्रदाता बिकोई-मन्त्रम जे.भी. को बोलपत्रको पहिलो निवेदन यस सार्वजनिक खरिद पुनरावलोकन समितिमा पर्न आएकोमा मिति २०७९/११/१६ मा निर्णय हुँदा गरिएको निर्णय आदेश छोटकरीमा देहाय बमोजिम रहेको छ।

*'.... प्राविधिक मूल्याङ्कन गर्ने प्रक्रिया अगाडि बढिरहेको अवस्थामा उल्लेखित बोलपत्रको खरिद कार्वाही नै रद्द गरी अर्को सूचना प्रकाशित गर्ने मिति २०७९/१०/०५ मा गरेको निर्णय मिलेको नदेखिँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख)(२) बमोजिम सोही हदसम्म वदर गरिदिएको छ। माथि निर्णय ठहर खण्डमा उल्लेख भए बमोजिम जो जे जसो बुझ्न पर्ने हो बुझी प्राविधिक मूल्याङ्कनलाई पुनरावलोकन गरी कानून बमोजिम मूल्यांकन प्रकृयालाई अगाडि बढाउन आदेश गरिदिएको छ।'*

नेपाल सरकार सार्वजनिक खरिद पुनरावलोकन समिति सार्वजनिक खरिद ऐन, २०६३ को ४८ अनुसार गठित

मिति २०७९/११/१६ मा पुनरावलोकन समितिबाट निर्णय भएपछि सो निर्णय कार्यान्वयनका लागि निवेदक बोलपत्रदाता BKOI-Mantram JV ले मिति २०७९/११/१८ (2 March 2023) गते 'खरिद कारवाही अघि बढाई पाऊँ बारे' शिर्षक राखी सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण समक्ष निवेदन दिएको देखिन्छ।

सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरणले सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको निर्णय आदेशको माथि उल्लेखित हरफ अनुसार आफ्नो काम कारवाही गरेको देखिन्छ।

***प्राविधिक मूल्याङ्कनको पुनरावलोकनको लागि समिति गठन***

यसअघि सार्वजनिक निकायले बोलपत्र मूल्याङ्कनका लागि मिति २०७९/०५/२० मा गठन गरेको बोलपत्र मूल्याङ्कन समिति देहाय बमोजिम रहेको छः

| | | |
|---|---|---|
| १. श्री अच्युत बाबु घिमिरे | निर्देशक, बागमती प्रादेशिक कार्यालय | संयोजक |
| २. श्री केदार राज सिलवाल | प्रमुख, जिन्सी व्यवस्थापन महाशाखा, वि.ग्रा.से.नि. | सदस्य |
| ३. श्री चुडामणि आचार्य | प्रमुख, प्रशासन महाशाखा, वि.ग्रा.से.नि. | सदस्य |
| ४. श्री तोम लाल सुबेदी | प्रमुख, अर्थ महाशाखा, वि.ग्रा.से.नि. | सदस्य |
| ५. श्री कुबेर नाथ पोखरेल | कानुन अधिकृत | सदस्य |
| ६. श्री प्रज्वल खड्का | उप-प्रवन्धक, वि.ग्रा.से.नि. | सदस्य सचिव |

सार्वजनिक खरिद पुनरावलोकन समितिको मिति २०७९/११/२६ को निर्णय आदेशपछि सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरणमा प्रवन्धकको तहबाट टिप्पणी फाईल उठेको र सा.ख. पुनरावलोकन समितिको सो आदेशलाई आधार मानेर ने.वि.प्रा. आर्थिक विनियमावली-२०६८ (संशोधन सहित)- १८६ समेत हुनेगरी पुनरावलोकन गर्न पुनरावलोकन समिति गठन हुन भनी उपकार्यकारी निर्देशकसमक्ष स्वीकृतिका लागि पेश गरेको र उपकार्यकारी निर्देशकबाट सिफारिशसाथ पेश कार्यकारी निर्देशक समक्ष पेश भएकोमा मिति २०७९/११/२५ मा देहाय बमोजिमको **३ सदस्यीय पुनरावलोकन समिति** गठन गर्न स्वीकृति प्रदान भएको देखिन्छ।

| | | |
|---|---|---|
| १. निर्देशक श्री राजन ढकाल | वि.ग्रा.सेवा निर्देशनालय | संयोजक |
| २. कानुन अधिकृत श्री नरेश मैनाली | कानुन विभाग | सदस्य |
| ३. ई. सुरज भुजु | वि.ग्रा.सेवा निर्देशनालय | सदस्य |

***बोलपत्र मूल्याङ्कन समितिद्वारा पेश गरेको बोलपत्र मूल्याङ्कन प्रतिवेदनः***

**(मु. नं. १९९ बाट उद्धृत गरिएको)**

नेपाल सरकार सार्वजनिक खरिद पुनरावलोकन समिति सार्वजनिक खरिद ऐन, २०६३ को ४८ अनुसार गठित

मिति २०७९/१०/०४ मा तयार गरी पेश गरिएको **बोलपत्र मूल्याङ्कन प्रतिवेदन** ११ पृष्ठ लामो छ, अङ्ग्रेजी (English) भाषामा तयार गरिएको छ र सो प्रतिवेदन अनुसार निवेदक BKOI-Mantram JV को बोलपत्र मूल्याङ्कनको स्थिति देहायबमोजिम देखिन्छ।

**4. Examination of Completeness of Bids**

यस खण्ड अन्तर्गत पेश हुन आएको बोलपत्रलाई १५ बुँदा र १५औं बुँदालाई ११ उपबुँदा गरी जम्मा २५ बुँदामा पूर्णता (Completeness) को परीक्षण गरिएको देखिन्छ। मूलतः बोलपत्र कागजातले माग गरेका बिभिन्न कागजपत्रहरु, प्रमाणपत्रहरु तथा फारमहरु भरी पेस गरिएको छ छैन भनी गरिएको यस विस्तृत परीक्षणलाई Findings को शिर्षक अन्तर्गत १२ वटा बुँदामा देहाय बमोजिम प्रस्तुत गरेको देखिन्छ।

**4.1 (A) Findings of Completeness Examination of Bids**

बुँदा नं. १ देखि ७ सम्म Letter of Technical Bid, Bid Bond Validity, Power of Attorney, JV Agreement, Registration Certificates, PAN and VAT Certificates, Audited Financial Reports of last three fiscal years आदि पेश भए नभएको भनी परीक्षण गरिएको र ती सबै पेश गरिएको भनी उल्लेख गरेको देखिन्छ।

बुँदा नं. ८ मा लेखिएको व्यहोरा यस्तो छः

'*8. All the qualification information together with the documents required under Section III: Evaluation and Qualification criteria have been submitted except some of the end user certificates (documents) don't disclose contract amount to substantiate the requirements of Subclause 2.4.2 of Section III Evaluation and Qualification Criteria.'*

बुँदा नं. ९ मा ISO Certificate संग सम्बन्धित विषयमा लेखिएको व्यहोरा यस्तो छः

'*Bidder has submitted ISO Certificate 9001:2015. As per the ISO Certificate submitted by the bidder, Mantram Industries Pvt. Ltd. India, manufacturer and exporter of the goods to be procured under this tender but lacks the design of the goods which is one of the requirements that must be complied by the bidder.'*

बुँदा नं. १० मा यस्तो लेखिएको छः

*' All the required bidding forms as per Section IV have been properly submitted.'*

यसैगरी बुँदा नं. ११ र १२ मा Technical Data Sheet र JV Agreement पेश गरेको भनी उल्लेख गरिएको छ। अन्त्यमा 'The Bidder has submitted all the required bid forms.' लेखी Findings को खण्डलाई पुरा गरेको देखिन्छ।

नेपाल सरकार ... पुनरावलोकन समिति ... ऐन, २०६३ को ४८ अनुसार गठित

Findings को खण्डपछि प्रतिवेदनमा Deviations भनी उल्लेख गरिएको छ, जुन देहाय बमोजिम रहेको छः

**B. Deviations**

*'1. Some of the end user certificates (documents) have not disclosed contract amount to substantiate the requirements of subclause 2.4.2 of Section III. Evaluation and Qualification Criteria.'*

*'2. As per the ISO Certificate submitted by the bidder, Mantram Industries Pvt. Ltd., India manufacturer and exporter of the goods to be procured under this tender but lacks the design of the goods which is the requirement of bid document as per Bid Data Subclause 12.2(h)(b) and as per Subclause 11.1 of Technical Specification, which had to be complied by the bidder.'*

उल्लेखित दुई बुँदाहरु माथि Findings अन्तर्गत उल्लेखित बुँदा नं. ८ र ९ संग सम्बन्ध (Connection) राख्दछन्। प्रवाह (Flow) मिलेको देखिन्छ।

त्यसपछि Clarification Sought को खण्ड छ, जसमा देहाय बमोजिम लेखिएको छः

**C. Clarification Sought**

1. *..... BEC (Bid Evaluation Committee) decided to send the request for clarification to the bidder to submit the supporting documents for the project(s) as specified in submitted Specific Experience Form-2 to validate ..... at least 8 million U.S. Dollars ..... as per SubClause 2.4.2 of Section III Evaluation and Qualification Criteria withi 7 days ........'*

   *'The bidder submitted the clarification within time and further evaluation was proceeded.'*

फाइल अध्ययन गर्दा यसबिच सार्वजनिक निकायले जे.भी.लाई मिति Dec 22, 2022 (२०७९/०९/०७) मा सो बारे प्रष्टीकरण (Clarification) माग गरी ४ वटा बूँदा सहितको पत्र लेखेको देखिन्छ, र तोकिएको अवधिभित्र बिवरण सहित जवाफ प्राप्त गरेको बुझिन्छ।

**5. Conclusion**

*'The bid submitted by the bidder M/S BKOI-Mantram JV is not responsive since the ISO Certificate submitted by the Bidder Mantram Industries Pvt. Ltd. India which is the manufacturer and exporter of the goods to be procured under this tender lacks the design of the goods, one of the requirements of the bidding document and the bidder is determined to be non-responsive and not considered for the next stage of evaluation.'*

**6. Conclusion and Recommendation**

*'Technical Bid submitted by BKOI-Mantram JV is found to be substantially non-responsive; the bidder is determined as disqualified bidder. So it is recommended to annul the bidding process.'*

यो प्रतिवेदनका अनुसार Findings खण्ड अन्तर्गतका विषयहरु Deviations खण्डमा एउटा विषयमा केही कुरा प्रष्ट नभएको देखिएको र अर्को दोस्रो विषय ISO Certificate को बारेमा उठाएको देखिन्छ। Deviations खण्डमा उठाइएका Findings खण्डसंग सम्बन्धित ४ वटा बुँदाका बारेमा Clarification Sought खण्डमा प्रष्टीकरण (Clarification) माग गरी पत्र लेखेको, र बोलपत्रदाताबाट समेत समयावधिभित्र नै जवाफ प्राप्त गरी मूल्याङ्कन कार्यलाई अगाडि बढाइएको जनाइएको छ र Conclusion खण्डमा यसबारे कुनै प्रसंग उल्लेख गरेको पाइँदैन।

ISO Certificate बारेको प्रसंग प्रतिवेदनको बुँदा नं. ९ मा उल्लेख गरिएको, त्यसपछि Deviation खण्डमा आएको तर Clarification Sought खण्डमा नआएको, फेरि Conclusion खण्डमा Bid Non-responsive हुनुको मुख्य आधारका रुपमा लिइएको देखिन्छ।

बोलपत्र मूल्याङ्कन समितिको मिति २०७९/१०/०४ (18 Jan 2023) मा पेश गरेको प्रतिवेदनको आधारमा सार्वजनिक निकायका प्रमुख, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकबाट मिति २०७९/१०/०५ मा बिभिन्न महाशाखाको राय लिई सदर गरेको देखिन्छ।

**(मु. नं. १९९ बाट उद्धृत गरिएको बोलपत्र मूल्याङ्कन समितिले पेश गरेको बोलपत्र मूल्याङ्कन प्रतिवेदनको अंश समाप्त।)**

## सार्वजनिक निकायको पुनरावलोकन समितिद्वारा पेश गरिएको प्रतिवेदन

राजन ढकालको संयोजकत्वमा सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरणको मिति २०७९/११/२५ गतेको निर्णय अनुसार गठित ३ सदस्यीय पुनरावलोकन समितिद्वारा प्रतिवेदन तयार गरी मिति २०७९/१२/२० मा पेश गरेको देखिन्छ। सो प्रतिवेदनमा मुख्यतया ४ वटा विषयका आधारमा फेरि पनि निवेदक बोलपत्रदाता BKOI-MANTRAM JV को बोलपत्र सारभूतरुपमा प्रभावग्राही नदेखिएको ठहर गरेको देखिन्छ। ती ४ वटा आधारहरु देहाय बमोजिम रहेका छन्

१. बोलपत्र कागजातको Section III Evaluation and Qualification Criteria 2.3.2: Average Annual Turnover मा जे.भी. को Lead Partner BKOI Builders Pvt. Ltd. ले निर्माण सम्बन्धी मात्र कार्य गरेको कागजात पेश गरेको, Supply Contract को कागजात पेश गरेको नदेखिएको कारण Average Annual Turnover बमोजिम योग्यता नपुगेको।

२. बोलपत्र कागजातको Section III Evaluation and Qualification Criteria 2.4.1: General Experience मा जे.भी. को Lead Partner BKOI Builders Pvt. Ltd. को अनुभव सम्बन्धी कागजपत्र सिभिल

निर्माण सम्बन्धी मात्र कार्य गरेको, सामान आपूर्ति सम्बन्धी अनुभव नरहेको देखिएकोले योग्यता नपुगेको।

३. बोलपत्र कागजातको Section III Evaluation and Qualification Criteria 2.4.2: Specific Experience र 2.4.3 Technical Experience मा जे.भी. को Lead Partner BKOI Builders को कुनै पनि Specific तथा Technical Experience भएको पाइँदैन, र अर्को पार्टनर सदस्य Mantram Industries Pvt. Ltd. को Specific तथा Technical Experience सिध्द गर्न पेश गरेका अधिकांश कागजात अर्थात् Supply Certificate हरु End-Users बाट जारी नभएको र बोलपत्र कागजातमा व्यवस्था भए बमोजिम योग्यता नपुगेको।

४. बोलपत्र कागजातको Section I ITB, BDS 12.2(h) र Section V Schedule of Requirements (SoR) को Technical Specification Clause 6.1 Type Test मा व्यवस्था भए बमोजिम निजले बोलपत्र अनुसार आपूर्ति गर्नु पर्ने समानहरुको ILAC/IAF Accredited Laboratory मा गरिएको Type Test सम्बन्धी Valid कागजहरु र Technical Specification, Clause 11 'Quality Assurance' अन्तर्गत सामानको Specification र गुणस्तर खुल्ने Technical Brochure, Organization Structure, Manufacturing facilities, drawings, internal test reports, testing facilities, raw materials, quality assurance plan लगायतका कुनै पनि कागजात पेश नगरेको हुँदा उक्त उत्पादनकर्ताले उत्पादन गर्ने सामानको प्रकृति र गुणस्तर कस्तो हुने भन्ने एकिन गर्न समेत नसकिने देखिएको। यस अनुसार ITB 18 अनुसार पेश गर्नु पर्ने 'Documents establishing the conformity of the goods and related services to the Bidding Documents' पुरा गरेको नदेखिएको र Technical Specification एकिन गर्न नसकिएको अवस्थामा उपरोक्त बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने नदेखिएको।

उपरोक्त ४ वटा आधारमा बोलपत्रदाता BKOI-Mantram JV ले पेश गरेको बोलपत्रको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही नदेखिएकोले सो प्रतिवेदन स्वीकृत हुन पेश गर्दछौं भनी पुनरावलोकन समितिले प्रतिवेदनमा राय दिएको, सो प्रतिवेदनका आधारमा निर्णयार्थ मिति २०७९/१२/२१ मा पेश भई मिति २०७९/१२/२३ मा कार्यकारी निर्देशकबाट स्वीकृति प्रदान गरेको देखिन्छ। मूल्याङ्कन गर्ने क्रममा निवेदक जे.भी.संग मिति २०७९/१२/०६ (20 March 2023) को पत्रदावारा 'Clarification on Quality Assurance Certification' विषय राखी मिति २०७९/१२/०९ (23 March 2023) भित्र ISO Certificate certified as true copy पेश गर्न भनी पत्र लेखेकोमा निवेदकले मिति २०७९/१२/०९ (20th March 2023) मा नै ISO 9001:2015 को Quality Management System लेखिएको ISO Certificate पेश गरेको देखिन्छ।

सो निर्णय भएकै दिन मिति २०७९/१२/२३ मा सार्वजनिक निकाय प्रमुखको निर्णय भनी ४ वटा बुँदा सहितको पत्रद्वारा निवेदक जे.भी.लाई निजको बोलपत्र सारभूतरुपमा प्रभावगाही नभएको तथा Disqualify भएको बारेमा जानकारी दिएको देखिन्छ।

***निवेदक बिकोई-मन्त्रम जे.भी. द्वारा ऐनको दफा ४७ र ४९ बमोजिम निर्णय पुनरावलोकनका लागि निवेदन***

सार्वजनिक निकायबाट आफू फेरि पनि Disqualify भएको जानकारी प्राप्त भएपछि निवेदक जे.भी.ले मिति २०७९/१२/२४ मा सार्वजनिक निकायलाई पत्राचार गरेको देखिन्छ भने सार्वजनिक निकायबाट मिति २०७९/१२/२९ मा पत्राचार गरी निजले माग गरे बमोजिमको कागजात दिन नसकिने जानकारी गराएको देखिन्छ।

सार्वजनिक निकायद्वारा आफ्नो बोलपत्रको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही नभएको र आफू Disqualify भएको जानकारी पाएपछि निवेदक बोलपत्रदाता BKOI-Mantram JV ले मिति २०८०/१/०३ मा सार्वजनिक खरिद पुनरावलोकन समितिमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम पुनरावलोकन गरी आफ्नो आर्थिक प्रस्ताव खोली पाऊँ भनी आदेश जारी गरिदिन फेरि निवेदन दर्ता गराएको देखिन्छ।

## पुनरावलोकन समितिद्वारा सुनुवाई र समितिको निर्णय/ ठहरः

***पुनरावलोकन समितिद्वारा सुनुवाई***

समितिद्वारा यस बोलपत्रको सन्दर्भमा दुबै पक्षलाई आफ्नो माग दावी प्रस्तुत गर्ने तथा प्रतिरक्षा गर्ने छलफलको अवसर प्राप्त होस् भनी मिति २०८०/१/२६ गते दिनको ११:३० बजे सुनुवाईको मिति निर्धारण गरिएको थियो। निर्धारित सुनुवाईमा निवेदक बिकोई-मन्त्रम जे.भी. को तर्फबाट विद्वान अधिवक्ताद्व्य हेमराज सुबेदी, प्रकाश रेग्मी, मनिश सिँह बस्नेत र किरण पौडेलले तथा विपक्षी सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयका तर्फबाट प्रबन्धक श्री केदार राज सिलवाल, कानून अधिकृत (अधिवक्ता) श्री नरेश मैनालीले बहस पैरवी गर्नुभयो।

निवेदकका तर्फबाट विद्वान अधिवक्ता हेमराज सुबेदीले ISO Certificate मा Design नभएको भनी Disqualify गरिएकोमा सार्वजनिक खरिद पुनरावलोकन समितिबाट ISO Certificate ठीक छ भनी फैसला

भैसकेपछि पुनःमूल्याङ्कन हुँदा यसपूर्व Completeness of Bid मा नउठेका कुराहरु ठीक छ भनी मान्यता दिइएका Criteria हरुलाई अहिले आएर Requirement पुग्दैन भन्नु जायज हुँदैन, Work Experience माग भए अनुरुप पर्याप्त नै छ, माग भए अनुरुपका Notorized Document हरु पेश गरिएकै छ, अहिले आएर पहिले परीक्षण गरी ठीक देखिएको कुरा मान्दिनँ भन्नु Doctrine of Estoppel (बिवन्धनको सिध्दान्त) विपरीत हुन्छ भनी गरेको बहस सुनियो।

अधिवक्ता मनिश सिँह बस्नेतले सा.ख. पुनरावलोकन समितिको फैसला कार्यान्वयनका लागि निवेदकबाट विपक्षी निकायलाई २०७९/११/१८ मा अनुरोध गरिएपश्चात् सार्वजनिक निकायबाट पुनरावलोकन समिति गठन भई २०७९/१२/२० मा प्रतिवेदन प्राप्त गरी १२/२२ मा स्वीकृत गरी, १२/२३ मा नयाँ कुराहरु उल्लेख गरेर योग्यता नपुगेको ठहर्याई ठेक्का रद्द गर्ने सूचना जारी भयो, ४ वटा कुराहरु SBD को २.४.१, २.४.२, २.४.३ तथा ITB 18 मा उल्लेखित Criteria यसअघिको मूल्याङ्कनमा उपयुक्त देखी पुनरावलोकन समितिको फैसलाबाट समेत टुंगिएको विषयहरुलाई पुनः उठाई बिवन्धनको सिध्दान्त विपरीत मेरो पक्षलाई अन्यापूर्ण ढंगबाट ठेक्काबाट बाहेक गर्न खोजेको कार्य नियमसम्मत छैन, Technical Qualification को Clause 6 मा माग गरिएको सामान NEA को अधिकृत Staff को रोहबरमा Production पश्चात् पेश गर्ने सक्ने व्यवस्था भएकोमा समेत अहिले मेरो पक्षलाई तिमी ठिक छैनौ भनी मनोगत ढंगबाट निर्णय गर्न कसरी मिल्छ भनी गरेको बहस सुनियो।

अधिवक्ता किरण पौडेलले सा.ख. ऐन, २०६३ को दफा २३ (१)(२)(३) अनुरुप Eligibility मानेर २३ को (४) बमोजिमको जानकारी समेत माग गरिसकेपछि पुनः दफा २३ को (२)(३) मा फर्कन मिल्दैन भने दफा २४ अनुसार बोलपत्र उपर कारवाही हुँदैन भन्न मिल्दैन, विपक्षी सार्वजनिक निकायले दफा २६ अनुरुप बोलपत्र अस्वीकृत गर्न केवल ४ वटा Condition मा मात्र सक्तछ, तर ती ४ वटै अवस्था यो केसमा Prevail गर्दैन, सार्वजनिक निकायलाई बोलपत्र रद्द गर्ने अधिकार नै छैन भनी गरेको बहस सुनियो।

अधिवक्ता प्रकाश रेग्मीले सा.ख. पुनरावलोकन समितिले निर्णय गरिसकेपछि पुनःमूल्याङ्कन गठन गर्न सकिने व्यवस्था कानूनमा छैन, दफा ४७ अनुरुपको पुनरावलोकन समिति पश्चात् सा.ख. पुनरावलोकन समितिबाट फैसला भैसकेको विषयमा नयाँ समिति गठन गर्न सकिने व्यवस्था सा.ख. ऐन, नियम तथा, ने.वि.प्रा. आ.प्र. विनियमावली, २०६८ मा समेत छैन, नेपाल विद्युत प्राधिकरण आ.प्र. विनियमावली, २०६८ को विनियम १८६ अनुरुप गठित समिति अवैध छ, सा.ख. ऐन, २०६३ को दफा २७(१) बमोजिम बोलपत्र स्वीकृत गर्नु पर्दछ भनी गरेको बहस सुनियो।

सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयको तर्फबाट कानुन अधिकृत (अधिवक्ता) नरेश मैनालीले प्रथम पटक बोलपत्रको मूल्याङ्कन गर्न मिति २०७९/५/२० मा गठन गरिएको मूल्याङ्कन समितिबाट पुनः आफैले गरेको कामको पुनरावलोकन आफैले गर्न नहुने बिवन्धनको सिध्दान्त अनुरुप मिति २०७९/११/२५ मा ३ सदस्यीय पुनरावलोकन समिति गठन भएको र सो समितिले दिएको प्रतिवेदनको आधारमा बोलपत्र रद्द गर्ने निर्णय गरिएको हो भनी गरेको बहस सुनियो।

जिन्सी व्यवस्थापन महाशाखा प्रमुख प्रबन्धक श्री केदार राज सिलवालले बोलपत्रको पहिलो परीक्षण हुँदा सा.ख. ऐन, २०६३ को दफा २३(३) अनुसार मूल्याङ्कन गरिएको हो, सा.ख. ऐन, २०६३ को दफा २५ अनुरुपको मूल्याङ्कनमा प्रवेश नै गरिएको थिएन, सा.ख. पुनरावलोकन समितिको २०७९/११/१६ को निर्णय कार्यान्वयनको लागि ३ सदस्यीय समिति गठन गरी सा.ख. ऐन, २०६३ को दफा २५ अनुसारको समितिले मूल्याङ्कन गरी बोलपत्र सम्बन्धी कागजातको Section III को Clause 2.3.2, 2.4.1, 2.4.2, 2.4.3 का Criteria पूरा नभएको, Construction Contract नभएर Goods Supply संग सम्बन्धित Contract भएको र Bidder को Qualification Contract को लागि आवश्यक General Requirement, Specific Experience SBD अनुरुप नपुगेकोले सारभूतरुपमा प्रभावग्राही नठहर्याइएको हो भनी गरेको बहस सुनियो।

## ***समितिको निर्णय/ ठहरः***

अब निवेदक बिकोई-मन्त्रम् (BKOI-Mantram) जे.भी.को माग बमोजिम सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबार मार्ग, काठमाण्डौंले मिति 31st October 2022 मा प्रकाशित बोलपत्रको पुनःसूचना अनुसार निवेदक बोलपत्रदाताद्वारा दर्ता गरिएको एक मात्र बोलपत्र प्राविधिक मूल्याङ्कनबाट सारभूत रुपमा प्रभावग्राही नरहेको ठहर गरी सो बोलपत्र र खरिद कारवाही रद्द गरेको कार्यमा यस सार्वजनिक खरिद पुनरावलोकन समितिबाट सार्वजनिक निकायले निज निवेदक बोलपत्रादाता जे.भी.ले पेश गरेको ISO Certificate मा Design Scope नरहेको कारण देखाई निजलाई असफल ठहर गरेको मिति २०७९/१०/०५ को निर्णय मिलेको नदेखिएकोले सो निर्णय बदर गरी *'प्राविधिक मूल्याङ्कनलाई पुनरावलोकन गरी कानून बमोजिम मूल्याङ्कन प्रकृयालाई अगाडि बढाउन'* भनी मिति २०७९/११/१६ मा आदेश गरेकोमा सार्वजनिक निकायबाट पुनरावलोकन समिति गठन गरी सो पुनरावलोकन समितिद्वारा निवेदक बोलपत्रदाता जे.भी. सारभूतरुपमा प्रभावग्राही नदेखिएको भनी मिति २०७९/१२/२१ मा पेश गरेको प्रतिवेदन र सोका आधारमा सार्वजनिक निकायका प्रमुखले मिति २०७९/१२/२३ मा गरेको निर्णय मिलेको छ कि छैन भन्नेमा निर्णय दिनु पर्ने देखियो।

नेपाल सरकार
सार्वजनिक खरिद पुनरावलोकन समिति
सार्वजनिक खरिद ऐन, २०६३ को ४८ अनुसार गठित

*पुनरावलोकन समितिले गरेको मूल्याङ्कन र मूल बिवादको विषय*

यसअघि दर्ता भएको मुद्दा नं. १९९ मा मिति 07th December 2022 (२०७९/०८/२१) मा दर्ता भएको बिकोई-मन्त्रम जे.भी. को एकमात्र बोलपत्र खोलेको, सार्वजनिक निकायमा विद्यमान रहेको बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गरेको र मिति 22nd December 2022 (२०७९/०९/०७) मा केही बुँदामा प्रष्टीकरण (Clarification) को लागि निवेदक बोलपत्रदातालाई पत्राचार गरी प्राप्त गरेको र मूल्यांकन अगाडि बढाई बोलपत्र मूल्याङ्कन समितिबाट मिति January 18, 2023 (२०७९/१०/०४) मा निज निवेदक बोलपत्रदाताले पेश गरेको ISO Certificate मा Design in Scope नभए भनी त्यसलाई आधार मानी निजको बोलपत्र सारभूत रुपमा प्रभावग्राही नरहेको भनी बोलपत्र अस्वीकृत गरेकोमा सो निर्णयमा निवेदक बोलपत्रदाताको चित्त नबुझेको विषय मूल बिवादको विषय रहेको थियो, जसमा सार्वजनिक खरिद पुनरावलोकन समितिले मिति २०७९/११/१६ मा मिति २०७९/१०/०५ को निर्णय मिलेको नदेखिएकोले सो निर्णय बदर गरी *'प्राविधिक मूल्याङ्कनलाई पुनरावलोकन गरी कानून बमोजिम मूल्याङ्कन प्रकृयालाई अगाडि बढाउन'* भनी आदेश गरिदिएको थियो।

सार्वजनिक खरिद पुनरावलोकन समितिले मिति मिति २०७९/११/१६ मा आदेश गरेकोमा सार्वजनिक निकायबाट पुनरावलोकन समिति गठन गरी गरेको मूल्याङ्कनको पुनरावलोकनबाट फेरि पनि निवेदक बोलपत्रदाता जे.भी. सारभूतरुपमा प्रभावग्राही नदेखिएको भनी मिति २०७९/१२/२३ मा गरेको निर्णय र तदनुरुप गराइएको जानकारीमा निवेदक बोलपत्रदाताको चित्त नबुझेको विषय नै विवादको मूल विषय रहेको देखियो।

***सार्वजनिक खरिद पुनरावलोकन समितिको आदेश र सार्वजनिक निकायद्वारा त्यसको परिपालना***

सार्वजनिक खरिद पुनरावलोकन समितिले मुद्दा नं. १९९ उपर मिति २०७९/११/१६ मा गरेको आदेश संक्षेपमा यस्तो छ -

*'... प्राविधिक मूल्याङ्कन गर्ने प्रक्रिया अगाडि बढिरहेको अवस्थामा उल्लेखित बोलपत्रको खरिद कार्वाही नै रद्द गरी अर्को सूचना प्रकाशित गर्ने मिति २०७९/१०/०५ मा गरेको निर्णय मिलेको नदेखिँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख)(२) बमोजिम सोही हदसम्म वदर गरिदिएको छ। माथि निर्णय ठहर खण्डमा उल्लेख भए बमोजिम जे जसो बुझ्न पर्ने हो बुझी प्राविधिक*

सार्वजनिक खरिद पुनरावलोकन समिति

*मूल्याङ्कनलाई पुनरावलोकन गरी कानून बमोजिम मूल्यांकन प्रकृयालाई अगाडि बढाउन आदेश गरिदिएको छ।'*

सार्वजनिक खरिद पुनरावलोकन समितिले मिति २०७९/११/१६ मा गरेको आदेश अनुरुपको कार्य गर्न सार्वजनिक निकायले पुनरावलोकन समिति गठन गरेको कार्यलाई निर्णय पालनाको दिशामा सकारात्मक रुपमा नै लिनु पर्दछ। तर यसरी गठन गरिएको पुनरावलोकन समिति र सार्वजनिक निकायमा रहिरहेको बोलपत्र मूल्याङ्कन समितिको कार्यक्षेत्रका बारेमा विरोधाभास उत्पन्न भएको देखियो।

***सार्वजनिक खरिद पुनरावलोकन समितिको आदेश र सार्वजनिक निकायद्वारा गठित प्राविधिक मूल्याङ्कन पुनरावलोकन समितिको कार्यक्षेत्र***

सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको आदेशले फैसलाको निर्णय खण्डलाई पनि जोडेको छ, जुन फेरि अध्ययन अवलोकनसंग जोडिएको छ। सार्वजनिक खरिद पुनरावलोकन समितिद्वारा सम्पादित हुने निर्णय फैसलामा यी तीनै अंग अभिन्न अंगका रुपमा रहेका हुन्छन्।

त्यस मुद्दाको अध्ययन अवलोकन खण्ड (प्रकरण) लाई हेर्दा के देखिन्छ भने निवेदकको एकल बोलपत्रको मूल्याङ्कन Completeness Test अर्थात् पूर्णताको परीक्षणको चरणसम्म मात्र पुगेको छ। यो भनेको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बोलपत्र परीक्षण को उपदफा (२) को खण्ड (ख) र उपदफा (३) सम्म पुगेको अवस्था हो। निवेदकद्वारा पेश गरिएको बोलपत्र कागजातको पूर्णता परीक्षण गर्ने क्रममा उपदफा (४) बमोजिम सार्वजनिक निकायले बोलपत्रदातासंग आवश्यक जानकारी माग गरेको र उपदफा (५) बमोजिम निवेदक बोलपत्रदाताले आवश्यक जानकारी तथा डकुमेन्ट पेश गरेको अवस्था हो। त्यसपछि मात्र ऐ. ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्याङ्कनको चरणमा मूल्याङ्कन प्रकृयाले प्रवेश गर्दछ।

सार्वजनिक निकायको बोलपत्र मूल्याङ्कन समितिले मिति २०७९/१०/०४ (18 Jan 2023) मा पेश गरेको प्रतिवेदन अनुसार Examination of Eligibility of Bidders र Examination for Completeness of Bids सम्म मात्र मूल्याङ्कनको प्रकृया पुगेको देखियो। मिति २०८०/१/२६ मा सुनुवाईको क्रममा समेत सार्वजनिक निकायका प्रतिनिधिले पहिले बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, अर्थात् बोलपत्र परीक्षणको चरणसम्म मात्र रहेको र दफा २५ मा प्रवेश नगरेको, सम्मानित समितिको मिति २०७९/११/१६ को निर्णय आदेशपछि मात्र दफा २५ मा प्रवेश गरेको भनी अभिव्यक्ति प्रस्तुत भएको थियो। तर मूल्याङ्कनको चरणमा प्रवेश नगर्दै वा परीक्षणकै चरणमा बोलपत्र

'Substantially Non-responsive' अर्थात् सारभूतरुपमा प्रभावग्राही नरहेको भनी बोलपत्र मूल्याङ्कन समिति कसरी निस्कर्षमा पुग्यो भन्ने विषयले दुविधा र विरोधाभाष उत्पन्न गराएकै थियो। तथापि त्यस बेला २ वटा विषयमा Deviation देखाए तापनि निवेदकको बोलपत्रलाई Non-reponsive ठहर गर्नमा बोलपत्र मूल्याङ्कन समितिले मूलतः ISO Certificate मा Design Scope नरहेको विषयलाई आधार मानेको पाइएकोले त्यस विषयमा गहिरो अध्ययन विश्लेषण गरी निर्णय पुनरावलोकन गरिएको थियो।

सार्वजनिक खरिद पुनरावलोकन समितिले जारी गरेको निर्णय र आदेशमा प्रयुक्त *'प्राविधिक मूल्याङ्कनलाई पुनरावलोकन गरी कानून बमोजिम मूल्याङकन प्रकृयालाई अगाडि बढाउन आदेश'* गरेको भन्नाले जुन चरण र हदसम्म बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गरेको छ, त्यो चरण र हदसम्म सार्वजनिक खरिद पुनरावलोकन समितिको आदेश समेतलाई मध्यनजर गरी सार्वजनिक निकायले पुनरावलोकन वा पुनःमूल्याङ्कन गरोस् भन्ने हो। सार्वजनिक निकायले गठन गरेको पुनरावलोकन समितिको कार्यक्षेत्र त्यस हदसम्म मात्र हो भनी बुझ्नु पर्दछ। सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको अध्ययन र निर्णय पनि त्यही कार्यक्षेत्रभित्र रहेर गरेको हो। बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन नै नगरेको क्षेत्रमा, उसले मूल्याङ्कन गरेकोभन्दा बाहिर गएर पुनरावलोकन समितिले काम गर्नु पर्छ वा सक्छ भन्ने आदेशको मनशाय होइन। जुन क्षेत्रमा सार्वजनिक निकायको आधिकारिक बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गरेकै छैन, वा गर्न बाँकी छ त्यस क्षेत्रको पुनरावलोकन कसरी हुन्छ? मूल्याङ्कन गरेपछि मात्र विवाद आएका खण्डमा त्यसको पुनरावलोकन हुने हो।

मिति २०७९/११/१६ मा सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको निर्णय र आदेशपछि सार्वजनिक निकायबाट गठित पुनरावलोकन समितिले प्राप्त गर्न सक्ने कार्यक्षेत्र भनेको बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गरेको क्षेत्रभित्र मात्र हो।

***सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णय र सार्वजनिक निकायको पुनरावलोकन समितिले गरेको पुनरावलोकन कार्य***

मिति २०७९/११/२५ मा निर्देशक राजन ढकालको संयोजकत्वमा पुनरावलोकन समिति गठन भई सो समितिले मिति २०७९/१२/२० मा प्रतिवेदन पेश गरेको देखिन्छ। सो प्रतिवेदनले मुख्यतया ४ वटा विषयमा केन्द्रित रहेर अध्ययन गरेको देखियोः-

नेपाल सरकार सार्वजनिक खरिद पुनरावलोकन समिति सार्वजनिक खरिद ऐन, २०६३ को ४८ अनुसार गठित

१. बोलपत्र कागजातको Section III Evaluation and Qualification Criteria 2.3.2: Average Annual Turnover मा जे.भी. को Lead Partner BKOI Builders Pvt. Ltd. ले निर्माण सम्बन्धी मात्र कार्य गरेको कागजात पेश गरेको, Supply Contract को कागजात पेश गरेको नदेखिएको।
२. बोलपत्र कागजातको Section III Evaluation and Qualification Criteria 2.4.1: General Experience मा जे.भी. को Lead Partner BKOI Builders Pvt. Ltd. को अनुभव सम्बन्धी कागजपत्र सिभिल निर्माण सम्बन्धी मात्र कार्य गरेको, सामान आपूर्ति सम्बन्धी अनुभव नरहेको।
३. बोलपत्र कागजातको Section III Evaluation and Qualification Criteria 2.4.2: Specific Experience र 2.4.3 Technical Experience मा जे.भी. को Lead Partner BKOI Builders को कुनै पनि Specific तथा Technical Experience भएको नपाइएको, र अर्को पार्टनर सदस्य Mantram Industries Pvt. Ltd. को Specific तथा Technical Experience सिध्द गर्न पेश गरेका अधिकांश कागजात अर्थात् Supply Certificate हरु End-Users बाट जारी नभएको।
४. बोलपत्र कागजातको Section I ITB, BDS 12.2(h) र Section V Schedule of Requirements (SoR) को Technical Specification Clause 6.1 Type Test मा व्यवस्था भए बमोजिम निजले बोलपत्र अनुसार आपूर्ति गर्नु पर्ने समानहरुको ILAC/IAF Accredited Laboratory मा गरिएको Type Test सम्बन्धी Valid कागजहरु र Technical Specification, Clause 11 'Quality Assurance' अन्तर्गत सामानको Specification र गुणस्तर खुल्ने Technical Brochure, Organization Structure, Manufacturing facilities, drawings, internal test reports, testing facilities, raw materials, quality assurance plan लगायतका कुनै पनि कागजात पेश नगरेको तथा ITB 18 अनुसार पेश गर्नु पर्ने 'Documents establishing the conformity of the goods and related services to the Bidding Documents' पुरा गरेको नदेखिएको।

उपरोक्त कारणहरुका अवस्थामा उपरोक्त बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने नदेखिएको भनी सिफारीश गरिएको र सो सिफारीश अनुरुप स्वीकृति निकाय प्रमुखबाट स्वीकृति दिएको देखियो।

पुनरावलोकन समितिको प्रतिवेदनबाट समितिले गरेको काम सार्वजनिक खरिद ऐन, २०६३ को कुन दफा वा उपदफा अन्तर्गत गरेको हो भन्नेबारेमा खुल्दैन। तर सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरणका प्रतिनिधिले सुनुवाईको क्रममा पहिलेको मूल्याङ्कन दफा २३ अन्तर्गतको परीक्षणमा मात्र सिमित रहेको र सम्मानित सार्वजनिक खरिद पुनरावलोकन समितिबाट पुनरावलोकन गर्नू भन्ने आदेश भएपछि दफा २५ मा प्रवेश गरेको हो भन्ने प्रस्तुतिका आधारमा हेर्दा यो पुनरावलोकन समितिले पहिले मूल्याङ्कन

गरेको कार्यलाई पुनरावलोकन नगरी नयाँ क्षेत्रमा मूल्याङ्कन गरेको देखियो। पुनरावलोकन गर्ने भनी गठित समितिबाट नयाँ क्षेत्रको मूल्याङ्कन गर्ने कार्य र त्यसको आधारमा निर्णय लिने कार्य मिलेको देखिएन।

सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको पुनरावलोकन अध्ययन र निर्णय सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरणको बोलपत्र मूल्याङ्कन समितिले जे जुन चरणसम्म मूल्याङ्कन गरेको थियो, त्यही हदसम्म रहेर पुनरावलोकन गरेको स्पष्ट नै छ। यस समितिले ISO Certificate मा Design Scope रहे नरहेको भन्ने विषयमा मात्र केद्रीत गरेर पुनरावलोकन गरेको थियो। सार्वजनिक निकायले पनि बोलपत्र पुनरावलोकन समिति गठन गरी कार्य क्षेत्र (Terms of Reference) तोक्दा सोही अनुसार गरी कार्यान्वयन गरे गराएमा मूल्याङ्कन समिति र पुनरावलोकन समितिको कार्यक्षेत्र स्पष्टसंग परिभाषित हुने हुन्छ। त्यो भए गरेको पाइएन।

***बोलपत्र मूल्याङ्कन समिति र पुनरावलोकन समितिको कार्यक्षेत्र***

सार्वजनिक निकायले मिति २०७९/५/२० मा बागमती प्रादेशिक निर्देशक अच्युतबाबु घिमिरेको संयोजकत्वमा गठन गरेको बोलपत्र मूल्याङ्कन समिति र मिति २०७९/११/२५ मा निर्देशक राजन ढकालको संयोजकत्वमा गठन गरेको पुनरावलोकन समिति नामैले पनि फरक-फरक प्रकृतिका समिति हुन् र स्वाभावैले तिनको Terms of reference पनि फरक-फरक हुनेमा दुई मत छैन।

यस मुद्दामा सार्वजनिक खरिद पुनरावलोकन समितिले पुनरावलोकन गर्नू भनेकोले पुनरावलोकन समिति गठन गरी मूल्याङ्कन कार्यलाई अगाडि बढाइएको भन्ने सार्वजनिक निकायको बुझाई हो भन्ने बुझिन्छ। मिति २०७९/११/२६ मा यस समितिले निर्णय र आदेश जारी गर्दा निर्णय ठहर खण्डलाई समेत हेरी त्यहाँ जुन विषयलाई समातिएको छ सो विषयमा समितिले गरेको पुनरावलोकन, अध्ययन र निर्णयलाई समेत विचार गरी यसअघि बोलपत्र मूल्याङ्कन समितिले गरेको मूल्याङ्कनलाई पुनरावलोकन गरी हेर्नू भनेर भनिएको हो, नयाँ चरणमा अघि बढेर गर्नु पर्ने मूल्याङ्कन (Evaluation) को काम त फेरि बोलपत्र मूल्याङ्कन समितिले नै गर्नु पर्दछ। बोलपत्रको सम्पूर्ण मूल्याङ्कनको कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गठित बोलपत्र मूल्याङ्कन समितिको Mandate हो। पुनरावलोकन समितिको होइन। उसको Mandate भनेको मूल्याङ्कनमा बिवाद आएको खण्डमा त्यसको पुनरावलोकन गरी आवश्यक निर्णय लिने हो। दुविधा उत्पन्न हुनेगरी आफूखुशी अर्थ लगाई कार्य गर्नु गराउनु गलत हुन्छ।

सार्वजनिक निकायद्वारा गठित पुनरावलोकन समितिले यसअघि बोलपत्र मूल्याङ्कन समितिले गरेको निर्णय र सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको फैसलामा कुनै टिप्पणी वा राय सुझाव दिएको देखिएन। पुनरावलोकन समितिको अनुरोधमा निकायबाट निवेदक जे.भी.संग मिति २०७९/१२/०६ (20 March 2023) को पत्रदावारा ISO Certificate certified as true copy पेश गर्न भनी पत्र लेखेको र निवेदकले मिति २०७९/१२/०९ (20th March 2023) मा ISO 9001:2015 को Quality Management System लेखिएको ISO Certificate पेश गरेको एउटा मात्र पुनरावलोकन सम्बन्धी कार्य सम्पादन गरेको देखियो। बाँकी अन्य कार्यहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ अनुरुप गरिएको बुझिन आयो, जुन चरणमा बोलपत्र मूल्याङ्कन समितिले प्रवेश नै गरेको थिएन। यसरी अर्को समितिको क्षेत्रमा प्रवेश गरी गराई गरिने कार्य कानुनसम्मत हुने देखिएन। सार्वजनिक निकायले सार्वजनिक खरिद कार्य सम्पादन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा उल्लेख भएका उद्देश्य हासिल हुनेगरी न्यायिक मनले गर्नका लागि विशेष ध्यान दिनु पर्दछ।

***प्राङ्-न्यायको सिध्दान्त र यस मुद्दाको विषयउपर निरुपण***

प्राङ्-न्यायको सिध्दान्त अनुसार Same plaintiff, same opponent and same subject or issue भएको मुद्दा एकै अदालतबाट एक पटकभन्दा बढी सुनुवाई वा फैसला गर्न हुँदैन। मुद्दाको अन्तिमताको सिध्दान्त (Finality of Judgment) ले पनि त्यसै भन्दछ। तथापि यहाँ विषय वा मूल्याङ्कनको चरणमा केही भिन्नता देखिएको हुँदा अर्थात् मुद्दा नं. १९९ को समयमा जुन चरण (ऐनको दफा २३) को प्राविधिक मूल्याङ्कन भएको हो अहिले मुद्दा नं. २१५ मा आइपुग्दा सोही चरणको पुनरावलोकनका साथै नयाँ चरण (ऐनको दफा २५) को समेत प्राविधिक मूल्याङ्कन भएको देखिँदा यस मुद्दाले यहाँ प्रवेश पाएको हो। मुद्दाको अन्तिमताको सिध्दान्त अनुरुप यस विषयको मुद्दासम्बन्धी थप निवेदनले अब प्रवेश पाउने अवस्था रहने छैन।

***वैधानिक अपेक्षा (Legitimate Expectation) को सवाल***

बोलपत्र प्रकृयाको प्रतिष्पर्धामा भाग लिएर बोलपत्रको परीक्षणमा प्रवेश गरेपछि तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (४) अनुसार सार्वजनिक निकायले सोध्न पर्ने कुरा सोधेपछि तथा सार्वजनिक खरिद पुनरावलोकन समितिबाट पनि निर्णय आएको अवस्थामा निवेदक बोलपत्रदातामा वैधानिक अपेक्षा (Legitimate Expectation) उत्पन्न हुनु स्वाभाविक छ। तर बोलपत्र मूल्याङ्कन समितिले

गर्नु पर्ने मूल्याङ्कनको कार्य अझै सम्पन्न भै नसकेको सन्दर्भमा वैधानिक अपेक्षाको पूर्णताका बारे त्यसपछि मात्र निधो हुने विषय हो।

अतः नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबार मार्ग, काठमाण्डौंबाट IFB No. RE-ICB/DCSD-079/80-14 Supply and Delivery of LT Aerial Bundled Conductor (ABC) कार्यको खरिद कारवाहीका लागि मिति 31 October 2022 मा प्रकाशित बोलपत्रको सूचना अनुसार एकल बोलपत्रदाता M/S BKOI-Mantram JV ले प्रतिष्पर्धामा भाग लिई आवश्यक कागजपत्रहरु पेश गरे तापनि सार्वजनिक निकायले मिति २०७९/१०/०५ को निर्णयबाट बोलपत्र प्रभावग्राही नरहेको ठहर गरी बोलपत्र रद्द गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम निर्णय पुनरावलोकन गरीपाउँ भनी निवेदकले यस पुनरावलोकन समिति समक्ष निवेदन दिएको र मिति २०७९/११/१६ मा निर्णय/ आदेश जारी गरेकोमा निवेदकले निर्णय/ आदेश कार्यान्वयनका लागि सार्वजनिक निकायमा निवेदन दिएको र सार्वजनिक निकायले पुनरावलोकन समिति गठन गरी मूल्याङ्कन गराई पुनः निवेदकको बोलपत्र सारभूतरुपमा प्रभावग्राही नरहेको भनी निवेदकलाई अयोग्य (Disqualify) ठहर गरी जानकारी दिएकोमा सो निर्णयमा चित्त नबुझी निवेदक BKOI-Mantram JV ले मिति २०८०/१/०३ मा दिएको निवेदनमाथि अध्ययन, विश्लेषण तथा सुनुवाई गरेपश्चात् सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयले यसअघि यस सार्वजनिक खरिद पुनरावलोकन समितिद्वारा मिति २०७९/११/१६ मा भएको निर्णय आदेशलाई आफूखुशी अर्थ लगाई पुनरावलोकन समितिबाट नै बोलपत्रको मूल्याङ्कन समेत गरी निवेदकको बोलपत्रलाई Substantially Non-Responsive मूल्याङ्कित गरी निज बोलपत्रदातालाई अयोग्य (Disqualify) ठहर गर्ने गरी मिति २०७९/१२/२३ मा गरेको प्रकृया र निर्णय मिलेको नदेखिँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख)(२) बमोजिम सोही हदसम्म वदर गरिदिएको छ। माथि निर्णय ठहर खण्डमा उल्लेख भए बमोजिम बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रको पुनर्मूल्याङ्कन गर्ने गरी कानून बमोजिम मूल्यांकन प्रकृयालाई अगाडि बढाउन आदेश गरिदिएको छ। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

१. यो निर्णयको जानकारी (एक प्रति निर्णय सहित) दुबै सरोकार पक्ष र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनू।
२. निवेदकले राखेको धरौटी नियमानुसार फुकुवा गरिदिनू।

३. सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दिनू।

४. निर्णयसहितको मिसिल (फाइल) अभिलेख गरी सुरक्षित राख्नू।

(वासुदेव शर्मा पौडेल)
सदस्य

(महेन्द्र बहादुर गुरुङ)
सदस्य

(मोहन कृष्ण सापकोटा)
अध्यक्ष

इति सम्वत् २०८० साल जेष्ठ १ गते रोज २ शुभम्